आर्थिक राष्ट्रिय दैनिक



# खैरहनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### खैरहनी, चितवन
### बागमती प्रदेश, नेपाल

**खैरहनी नगरपालिकाको लागि बाहिरी भिडियो डिस्प्ले (Outdoor Video Display) खरिद तथा निर्माण सम्बन्धी दरभाउपत्र आव्हानको सूचना**

***दोश्रो पटक प्रकाशित मिति : २०८०।०२।०५***

यस नगरपालिकाको लागि बाहिरी भिडियो डिस्प्ले (Outdoor Video Display) आवश्यक भएको हुनाले ईच्छुक ईजाजत प्राप्त मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको उत्पादक तथा सप्लायर्सले निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि १५ (पन्ध्र) दिने यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

| क्र सं. | ठेक्का नं. | ठेक्का विवरण | संख्या | जम्मा लागत अनुमान (मु.अ.कर समेत) | बोलपत्र फाराम दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | 013/MF/CHT-Kmun/NCB/Goods/2079-080 | बाहिरी भिडियो डिस्प्ले (Outdoor Video Display) | १ सेट | १९,९४,९६५।५६ | १,०००।- | ५०,०००।- | |

१. दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ दिनको कार्यालय समयभित्रमा आवश्यक कागजातहरु सहीत राजस्व तिरी खरिद गर्न सकिनेछ ।

२. उत्पादक तथा सप्लायर्सले दरभाउपत्रसाथ आ.व. २०७९/०८० का लागि नविकरण भएको ईजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७८/०७९ को आयकर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

३. पेश भएका दरभाउपत्र १६ औं दिन दिनको १२.०० बजेसम्म खैरहनी नगरपालिकामा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएको सिलबन्दी दरभाउपत्र सोही दिन दिनको २.०० बजे यस कार्यालयमा सम्बन्धित कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताका प्रतिनिधिहरुको रोहबरमा खोलीने छ । तर दरभाउपत्र खोल्ने समयमा दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएतापनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

४. दरभाउपत्र फाराम खरिद एवं दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिनलाई क्रमश: अन्तिम दिन मानिने छ ।

५. दरभाउपत्रको खाममा ठेक्का नं., ठेक्काको नाम उल्लेख गरी सिलबन्दी गरी पेश गर्नु पर्नेछ । सिलबन्दी दरभाउपत्र दाखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन । दरभाउपत्रदाताले कबोल गरेको रकमको अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ । साथै रित नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

६. दरभाउपत्रदाताले दरभाउपत्र दर्ता गर्दा धरौटी वापतको रकम यस नगरपालिकाको नाउँमा कृषि विकास बैङ्क पर्सा शाखामा रहेको धरौटी खाता नं. ०५०९१०११५१०६४०४३ मा जम्मा गरेको सक्कल बैङ्क भौचर दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

७. कुनै पनि कारण जनाइ वा नजनाई निजको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । कुनै विवाद भएमा खैरहनी नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

८. यस सूचनामा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलीत कानून बमोजिम हुनेछ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।